Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI : https://doi.org/10.3126/anweshan.v3i2.87563
Research Article
ISSN: 3021-9035 Print

# बागलुङ र गुल्मीका श्रीस, पुन तथा घर्ती मगरहरू र खानीको इतिहास

***हेमन्त बुढाथोकी***
*Adv.hemanta2019@gmail.com*

## *लेखसार*

धवलागिरी क्षेत्रका बागलुङसहितका जिल्लाहरूमा बाइस ओटा खानी सञ्चालनमा थिए भने गुल्मीलगायत त्यस आसपासका क्षेत्रहरूमा सोह्र ओटा खानीहरू सञ्चालनमा थिए। त्यसरी गुल्मी र बागलुङ जिल्लामा सञ्चालनमा रहेका खानी उद्योगहरूमा खनेल थरका मगरहरू साइँ, खाइँ, दगाइँ र भलाइँ श्रीस, पुन र घर्तीहरूले खानी पत्ता लगाएर उत्खनन्को काम समेत गर्ने गर्दथे । वर्तमान बागलुङ र गुल्मी जिल्लामा खनेल थरका मगरहरूको बाक्लो बस्ती रहेको पाइन्छ। अत्याधुनिक प्रविधि विना नै खानी पत्ता लगाउन र खानी खनेर खनिज निकाल्न पारङ्गत (सिद्धहस्त) बागलुङ र गुल्मीका खनेल साइँ, खाँ, दगाइँ र भलाइँ, श्रीस, पुन र घर्तीमगरको ती स्थानहरूमा रहेका खानीसँगको अन्तर्सम्बन्धको ऐतिहासिक पक्ष विश्लेषण गर्दै गुल्मी र बागलुङ जिल्लाको खानी खन्ने पेसाको इतिहासका बारेमा जानकारी प्रदान गर्नु यस लेखको मूल उद्देश्य रहेको छ। यस लेखमा माध्यमिक तथ्याङ्कको प्रयोग गरी गुणात्मक अनुसन्धान विधि प्रयोग गरिएको छ। यस लेखका मुख्य अनुसन्धान प्रश्नहरूमा नेपालमा खानी खन्ने पेसाको इतिहास के कस्तो रहेको थियो, बागलुङ र गुल्मी जिल्लाका श्रीस, पुन तथा घर्तीमगरहरूको खानी खन्ने प्रक्रियाहरू, नेपालमा खानी खन्ने पेसा र मगर जातिको अन्तर्सम्बन्ध, बागलुङ तथा गुल्मी जिल्लाका श्रीस–पुन र घर्ती मगरहरू तथा खानीको अन्तर्सम्बन्ध के कस्तो रहेको थियो ? यी जिल्लाका श्रीस, पुन र घर्ती मगरहरूको खानी खन्ने पेसाको अन्त्य किन र कसरी भयो आदि रहेका छन् ।

## *शब्दकुञ्जी*

आगरी, खनेल, लुङ, धाउ

## *विषय प्रवेश*

मगर जाति नेपालको ७७ ओटै जिल्लामा फैलिएर रहेको जाति हो । मगरहरूले बोल्ने क्षेत्रगत भाषिकाका आधारमा मगरहरूलाई बाह्र मगराती, अठार मगराती र काइके मगराती भनी ३ समूहमा विभाजन गरिएको पाइन्छ। क्षेत्रगत रूपमा रिडी नदी पूर्वको क्षेत्रलाई बाह्र, रिडी नदी पश्चिमको भागलाई अठार र डोल्पा क्षेत्रलाई काइके मगरात क्षेत्र भनिन्छ। बाह्र मगरातमा राना, थापा र आले थरहरू, अठार मगरात र काइके क्षेत्रमा पुन, बुढा, रोका र घर्ती थरका मगरहरूको बाहुल्यता रहेको पाइन्छ (बुढाथोकी, २०८१, पृ. ११३–१ बाइस) । ऐतिहासिक परम्परागत, पेसागत र व्यावसायिक रूपमा पनि मगरहरूमा विविधता रहेको पाइन्छ। परम्परागत रूपमा मगरहरूको मूल पेसा कृषि र पशुपालन भए तापनि मगरहरूमध्येका श्रीस, पुन र घर्ती (साइँ, खाइँ, दगाइँ र भलाइँ ), थापा, राना, बुढाथोकी, चितौडे राना, दर्लामी थापा, भुज्याल र छन्त्याल थरका मगरहरूको पुर्ख्यौली पेसा खानी खन्ने रहेको थियो भनी अध्येताहरूले उल्लेख गरेका छन । नेपालमा बसोबास गर्ने जातिमध्ये मगर पनि एक हो (Wright, 1877, p.25)।

मानवशास्त्री डोरबहादुर विष्टले उनको पुस्तक 'Peoples of Nepal' मा उल्लेख गरेअनुसार मगरहरू पश्चिमदेखि पूर्वतिर बसाइँ सर्नुको मुख्य कारण उनीहरू खानी उत्खनन् मा पारङ्गत रहनु पनि एक हो। ऐतिहासिक कालखण्डमा मगरहरू खानी खन्ने रोजगारका लागि बसाइँसराइ गर्थे। उनका अनुसार पश्चिमी क्षेत्र मात्र नभएर पूर्वी क्षेत्रको तामाखानीको नजिकसमेत ठुलाठुला मगर बस्तीहरू रहेका पाइन्छन (Bist, 1967, p.58)। ऐतिहासिक रूपमा मध्य क्षेत्रको मगरातमा बसोबास गर्ने मगरहरू मुलुकभरि फैलिनुको कारण तामाखानी खन्ने प्राविधिक सिप हुनु पनि एक हो (शिवाकोटी, २०७५, पृ ३६)। मगरहरूलाई पेसागत आधारमा खानीगाउँले मगर र कृषक मगर गरी दुई श्रेणीमा विभाजन गरिएको पाइन्छ । खानीगाउँले मगरहरू परम्परागत रूपमा पश्चिम नेपालको बागलुङ, गुल्मी, म्याग्दी, पर्वत, पाल्पा र अर्घाखाँची जिल्लामा बसोबास गर्दथे भने हाल उनीहरू अन्य जिल्लामा पनि स्थायी र आस्थायी रूपमा बसोबास गर्दै आएको देखिन्छ। परम्परागत रूपमा खानी खन्ने मगरहरू खानी खन्ने पेसा बन्द भएपछि कृषि पेसामा समेत संलग्न भएको देखिन्छ (शिवाकोटी, २०७५, पृ. १०८)। गोपाल शिवाकोटीका अनुसार खानी गाँउले मगरहरूमा श्रीस, पुन, घर्ती, (साइँ, खाइँ, दगाइँ र भलाइँ), थापा, राना, बुढाथोकी, भुज्याल (भुजेल), छन्त्याल (छन्तेल), चितौडे राना, दर्लामी थापा आदि हुन। यिनीहरूलाई आउरी या आग्री मगर भनिने भए पनि स्वयम् यी खनेल मगरहरू आफूलाई आग्री भनाउन त्यति रुचाउँदैनन्। यिनीहरूको भाषा लोप भएको देखिए तापनि कृषक मगरहरूको भाषा, संस्कृति र परम्परा जीवितै रहेको देखिन्छ (शिवाकोटी, २०७५, पृ. १०८–१०९)। माथि उल्लेख गरिएका खानी खन्ने श्रीस, पुन तथा घर्ती मगरहरूलाई साइँ, खाइँ, दगाइँ र भलाइँ आदि चार श्रेणीमा विभाजन गरिएको छ। हाल छन्त्याल र भुज्याल जाति छुट्टै जातिका रूपमा सूचीकृत भएका छन्।

धातु, कोइला, तेल आदि रहेको पृथ्वीको भित्री भागलाई खनिज भनिन्छ (अधिकारी र भट्टराई, २०७४, पृ. ३११)। पृथ्वीभित्र धातु, पत्थर, कोइला, तेल आदि प्राकृतिक सम्पत्ति रहेको ठाउँ वा खनिज पदार्थ पाइने भूगर्भलाई खानी भनिन्छ (पोखरेल, त्रिपाठी, पराजुली र भट्टराई, २०७५ पृ. २७७)। मानवशास्त्री डोरबहादुर विष्टले उनको पुस्तक 'सबै जातको फूलबारी' मा उल्लेख गरेअनुसार नेपाल अधिराज्यका उहिले चालु भएका तामा खानीहरूमा काम गर्न सबैजसो ठाउँमा मगरहरू लागेका थिए। खानीको काम गर्न सिपालु भएकाले यही पेसाका आधारमा पूर्वपश्चिम सबै ठाउँमा मगरहरू छरिएका देखिन्छन् (विष्ट, २०६४, पृ. ५३)।

मगरहरूको प्राचीन जीवन प्राकृतिक खानीसँग जोडिएको थियो। तत्कालीन धवलागिरी (हाल गण्डकी प्रदेश) का चार जिल्लाहरूमा बाइस ओटा खानी र गुल्मी जिल्लामा बाइस ओटा खानी गरी चवालिस ओटा खानी खनिएका थिए। मगराँतका कतिपय गाउँहरू खानीबाट नामकरण गरिएको पाइन्छ। बागलुङ जिल्लाका पाण्डवखानी, सिसाखानी, राङखानी, लेखानी, खुंखानी, देउराली खानी आदि खानीगाउँहरू हुन् (पुन मगर, २०६७, पृ. ५६)। त्यस्तै बागलुङ जिल्लाका अन्य खानी गाउँहरूमा चोरा (चौराहा) खानी, दरमखानी, केवैखानी, लेखानी, रेशखानी, कादेशखानी, भुस्काटखानी आदि हुन्। मगरहरूले खानी खनेर फलाम, तामा र सिसाका धातुहरू निकाल्थे। अहिले पनि ती खानी खनिएका ठाउँहरूमा ठुलाठुला धाउ, गुफा, दुलाहरू यत्रतत्र भेटिन्छन् (पुनमगर, २०६७, पृ. ५६)।

मगरहरूको महत्त्वपूर्ण परम्परागत पेसा खानी उत्खनन् थियो। यिनीहरूले लिच्छविकालदेखि नै खानीबाट तामा, फलाम, नुन आदि निकाल्ने गर्थे। यसरी निकालिएका फलामबाट भाँडाकुँडा, औजार र सिक्का बनाइने भएकाले विदेशमा समेत व्यापार हुन्थ्यो। अठारौँ शताब्दीतिर नेपाली तामा र फलामको व्यापार भारतको कलकत्ताबाट हुन्थ्यो। पश्चिम पहाडको महत्त्वपूर्ण आर्थिक स्रोतका रूपमा मगरहरूले सञ्चालन गरेको खानी व्यवसाय थियो। १९ औँ शताब्दीसम्म नेपालमा कृषि र व्यापारपछि खानी खन्ने व्यवसायको स्थान उच्च रहेको थियो (शिवाकोटी, २०७५, पृ. १४४)। खानी उत्खनन गर्ने समयताका खनेल

मगरहरूको मुख्य आयस्रोत खानीबाट प्राप्त धाउ बिक्री गरी आर्जन हुने मोहर पैसा हुन्थ्यो। खानी खन्ने काम ज्यादै कठिन हुन्थ्यो। तत्कालीन समयमा राज्यले अनिवार्य रूपमा खानी खन्नुपर्ने उर्दी जारी गर्दथ्यो। खानी खन्ने समय सुरु हुनासाथ खानी क्षेत्रमा खनेल मगरहरू धाउ खरिद गर्ने, मुग्लाने व्यापारी तथा व्यापारव्यवसाय गर्ने थकाली र नेवारहरूको चहलपहल हुन्थ्यो। कुनै दिन निकै धेरै धाउ जम्मा हुन्थ्यो भने कुनै दिन केही पनि भेटिदैन्थ्यो। नेपाल सरकारले दिएको जिम्मेवारीअनुसार गुल्मी, पर्वत, बागलुङ तथा रुकुम क्षेत्रअन्तर्गतको सोह्रखानी र बाइसखानीको मुख्यौली (मुखिया) गुल्मी भार्सेका मगरहरू मुखियाको जिम्मेवारीमा रहेका थिए (श्रीस, २०६५, पृ. ४)। गुल्मी र बागलुङ क्षेत्रमा खानी उत्खनन् सुरुवात भएको तिथिमिति उपलब्ध हुन नसके पनि बाइसी/चौबिसी राज्यकालीन समयताका खानी खन्ने कामको थालनी भइसकेको थियो। खानीको जिम्मा पाएका व्यक्तिले सम्पूर्ण खानीको रेखदेख गर्ने र तिरोभरोबापत सरकारलाई बुझाउनुपर्ने रकमकलम बुझाउनु पर्दथ्यो। खानी उत्खनन् कार्य गर्दा पुरुषहरूले खानी खन्ने र महिलाहरूले खानीमा खाने खाना खाजा पुऱ्याउने र खानीबाट निस्केको माटो ढुङ्गा फाल्ने काम गर्नुपर्दथ्यो। त्यो बागलुङ र गुल्मी जिल्लामा करिब १५० वर्षभन्दा अगाडिको काल खण्डको कुरा थियो। नेपालमा खानी खन्ने समयदेखि नै भारतीय इष्ट इन्डिया कम्पनी सरकारमा भर्ती हुने प्रचलनको थालनी भएको थियो। भर्ती नभएका युवाहरू, उमेर पाको भएका पुरुषहरू खानी उत्खनन् कार्यमा लाग्थे। खानीको तिरोबापत धाउ बुझाउन खानी गोश्वारा बागलुङमा जानुपर्दथ्यो (श्रीस, २०६५, पृ. १) ।

खानी खन्दा, ढुङ्गा पगाली पड्काउन धेरै दाउरा खर्च हुन्थ्यो। त्यति बेलादेखि 'मगरलाई वन नदिनू' भन्ने उक्ति प्रचलनमा आएको अनुमान गर्न सकिन्छ। खानी खन्ने क्रममा कामी (विश्वकर्मा) हरूले खानीबाट निस्केको धाउ पखाल्ने काम गर्दथे (खडककोट स्मारिका, २०६४, पृ. १४)।

## *अध्ययनविधि*

यो लेखमा चर्चा गर्न खोजिएको विषय बागलुङ र गुल्मी जिल्लामा खानी खन्ने पेसाको इतिहास र त्यहाँका खनेल मगरहरू हो। यो विषयमा धेरै विद्वान्हरूले विभिन्न ठाउँको उक्त विषयसँग सम्बन्धित सवालहरूमा विभिन्न तरिकाले अध्ययन गरी पुस्तक तथा लेखरचनाहरू तयार गर्नु भएको छ। यो लेखमा उठाएका विषय वस्तुबारे प्रकाशित सामग्रीमा आधारित भएर उत्तर खोज्न सकिन्छ। त्यसैले व्यक्ति र समूहसँग सम्बन्धित भएर तथ्याङ्क सङ्कलन गर्नुभन्दा द्वितीय स्रोतमा रहेर विषयवस्तुको विश्लेषण गर्नु विधिका हिसाबले सान्दर्भिक हुन्छ। नेपालमा खानी खन्ने पेसाको इतिहास केकस्तो रहेको छ ? बागलुङ र गुल्मी जिल्लाका श्रीस, पुन र घर्ती मगरहरूको खानी खन्ने प्रक्रिया केके थिए, नेपालमा खानी खन्ने पेसा तथा मगर जातिको अन्तरसम्बन्ध केकस्तो छ? बागलुङ र मगर जातिको अन्तरसम्बन्ध केकस्तो छ ? बागलुङ र गुल्मी जिल्लाका श्रीस, पुन र घर्ती मगरहरूको खानी खन्ने पेसाको अन्त्य किन र कसरी भयो ? आदि अनुसन्धान प्रश्नहरूको विश्लेषणात्मक उत्तर यस लेखले दिने प्रयास गर्दछ। त्यसैले यस लेखमा अध्ययन क्षेत्र, पूर्वसाहित्य समीक्षा गर्दा पूर्व प्रकाशित अप्रकाशित सामग्री लेखरचनालाई मानिएको छ। यसको अध्ययन विधि यसप्रकार छन्।

यो लेख तयार गर्दा पुस्तकालय र अनलाइन पुस्तकालय उपयोग गरिएको छ। यसमा पुस्तकालय तथा अनलाइन पुस्तकालयमा बिस ओटा पुस्तक, पाँच ओटा जर्नलमा प्रकाशित लेख, पाँच ओटा अप्रकाशित शोधपत्र, पाँच ओटा पत्रपत्रिकामा प्रकाशित लेख छनोट गरिएका थिए। यो लेख तयार गर्दा छनोट गरिएका पैंतिस ओटा अध्ययन सामग्रीको अध्ययन गरेर साहित्यिक पुनरावलोकन गर्दै यस लेखलाई उपयुक्त सामग्री छान्ने क्रममा पन्ध्र ओटा पुस्तक, एउटा जर्नलमा प्रकाशित लेख, एउटा अप्रकाशित शोधपत्रमा प्रकाशित लेख गरी जम्मा सत्र ओटा सामग्रीहरू छनोट गरिएका थिए। अन्तर्वस्तु विश्लेषण विधिअनुसार प्रकाशित सामग्रीको अध्ययन, मूल विषयवस्तुको शीर्षकसँग मिल्ने विषयवस्तुहरू टिपोट गर्दै विभिन्न समूह बनाएर

छुट्याइयो । अध्ययनको शीर्षकसँग सम्बन्धित विभिन्न विषयवस्तुहरूलाई उपशीर्षकमा छुट्याएका विषयवस्तुको आधारमा वर्णन तथा विवेचना गर्दै अध्ययनको उपयुक्त निष्कर्षमा पुग्न खोजिएको छ। विषयवस्तुको विश्लेषण गर्दा योभन्दा पहिलेका सिद्धान्त र व्यावहारिक अध्ययनसँग सम्बन्धित ज्ञानको अध्ययन गर्ने प्रयत्न गरिएको छ। यो लेख परिमाणात्मक अनुसन्धानमा आधारित छ। त्यस्तै यो लेखमा माध्यमिक तथ्याङ्कको प्रयोग गरिएको छ। यस अनुसन्धानात्मक लेखमा विश्लेषणका लागि वर्णनात्मक र व्याख्यात्मक विधि प्रयोग गरिएको छ।

## *नेपालमा खानी खन्ने पेसाको इतिहास*

प्राचीन कालदेखि नै नेपालमा खानीको विकास भएको पाइन्छ। पृथ्वीनारायण शाहले उनको दिव्योपदेशमा 'षानी भयाका ठाँउमा गाउँ भया पनि अरू जग्गामा सारिकन षानी चलाउनु' अर्थात् खानी भएको ठाउँलाई अन्यत्र सारेर भए पनि खानी खन्नू भनी आफ्नो दिव्योपदेशमा उल्लेख गरेका थिए । बहादुर शाहको नायबीकालमा नेपालको पश्चिमी सिमाना बिस्तार भएसँगै ती नेपालद्वारा जितिएका स्थानहरूका खानीहरू नेपालको कृषिपछिको राजस्वको मुख्य स्रोतका रूपमा रहेका थिए । बहादुर शाहकै शासनकालमा विलियम कर्कप्याट्रिकले नेपालमा फलाम, तामा र सिसाको प्राकृतिक भण्डार रहेको कुरा उल्लेख गरेका थिए। तत्कालीन समयमा नेपालको फलाम उच्च गुणस्तरको नभए तापनि नेपालको तामा भने भारतमा बिक्री हुन्थ्यो (उपाध्याय, २०६९, पृ. १५७)।

ऐतिहासिक रूपमा नेपालमा खानी खाने पेसालाई महत्त्व दिइएको कुरा स्पष्ट हुन्छ । खानी व्यवसाय नेपालभरि नै सञ्चालन गरिए तापनि खास गरेर खानी खन्ने प्रचलन गुल्मी, बागलुङ, पाल्पा, अर्घाखाँची, म्याग्दी र प्युठान जिल्लाका मगरहरूको घना बस्ती भएका स्थानहरू भार्से, ग्वाघा, लेखानी, कादेश, चोरा, दर्म, तोरी खोला, साक्दी, बेलाखानी, घसघसा, झुले मझुवा, राङखानी, जयाखानी, देउराली, कालापाटाल, पाण्डवखानी, रिघा, ढङ्गेल, पुरानो गाउँ, रणसिंह, सोह्रमनि, तीनधारा, मुरुखानी, धुर्कोट, रुमखानी, हरियो खानी, लुङखानी, घोथाखानी, दहखानी, बिसर्ख, खानी छाप आदि गाउँहरूमा अझैसम्म खानीका सुरुङहरू पाइन्छन (श्रीस, २०७१, पृ. ४८–५०)।

फ्रान्सिस बुचानन हेमिल्टनले नेपालमा खानीको अवस्थाबारे विस्तृत चर्चा गरेका थिए। उनका अनुसार बागलुङ, गुल्मी र पर्वत तामा उत्पादनका लागि अत्यन्तै महत्त्वपूर्ण स्थल थिए। नेपालका विभिन्न स्थानहरूमा तामा छरिएर रहेकोमा पश्चिम पहाडका चेपे, मर्स्याङ्दी र भेरी नदी क्षेत्र तथा पूर्वी पहाडको दुध कोसी क्षेत्रमा पनि तामा पाइन्थ्यो। तामा र फलामको प्रयोग हातहतियार बनाउनका लागि मात्र नभएर राजस्व वृद्धिका लागि अन्य काममा पनि लगाइन्थ्यो। पश्चिम नेपालको बागलुङ, बेनी, पाल्पा र पूर्वी नेपालको तत्कालीन माझ किरातमा पर्ने छिकामाछामा तामाको पैसा बनाइन्थ्यो। ती पैसाहरू नेपालमा मात्र नभएर भारतीय बजारमा समेत प्रचलनमा थिए । ओरफियरले नेपालको तामाको पैसा भारतको गोरखपुर, चम्पारन, तिरहुत र अवधको विभिन्न भागहरूमा प्रचलनमा रहेको थियो भनी लेखेको पाइन्छ। त्यस्तै गिर्डल स्टोनले नेपालको तानसेनमा बनेको तामाको पैसा अवध, गोरखपुर र चम्पारनमा प्रचलित रहेको उल्लेख गरेका थिए (उपाध्याय, २०६९, पृ.१५७–१५८)।

सरदार भीमबहादुर पाँडेले उल्लेख गरेअनुसार वि. सं. १९७७/७८ साल अगाडिसम्म नेपालको गाउँघरमा घरेलु इलम चलेको थियो। गाउँकै खानीबाट आग्रीले तामा, सिसा, फलामको धाउ झिक्दथे र गाउँमै आफैँले खार्दथे। खारिएको फलामबाट लोहारले खुकुरी, आँसी, बञ्चरो, फाली, कोदाली, स्याँगी, चक्कु, चिम्टा, कुटो, खन्ती, बन्दुक बनाएर आफ्ना बिष्टहरू, हाटबजार तथा मेलामा बिक्री गर्दथे। तामाबाट तमौटेहरूले आफ्नै घरमा माना, पाथी, गाग्रो, खड्कुलो बनाउँदथे (पाँडे, २०६१, पृ.३३)। वि.सं. १९७७/७८ साल अगाडिसम्म नेपालको ठोसे, बागलुङ, ढोर, सेखाम र प्युठानमा फलाम र तामाखानी चलेका थिए। बागलुङ र प्युठानमा पैसाको टकमरी हुन्थ्यो। तत्कालीन समयमा ग्रामीण जीवनलाई आवश्यक उम्दा खालका सबै फलामे औजार फाली, कोदालो, बन्चरो, हँसिया, खुर्पा,

स्याँगी, किला, ताल्चा, चक्कु, खुँडा, छुरा, चुलेसी, खुकुरी, तरबार, बन्दुक, तोप आदि गाउँमा नै स्वदेशी कोरा जिन्सीले बन्थे। यी सामानहरू बनाउने कोरा मालसामानहरू नेपाल अधिराज्यभरि थिए (पाँडे, २०६१, पृ. ८४) । खानीको जिम्मा पाएका मुखिया (लेप्टेन) ले सम्पूर्ण खानीको रेखदेख गर्ने तथा तिरोभरोबापत सरकारलाई बुझाउनुपर्ने रकमकलम बुझाउनु पर्दथ्यो (श्रीस, २०७२, पृ. १) ।

## *खनेल मगरहरूको खानी खन्ने प्रक्रियाहरू*

हरेक वर्षको भदौ १ गते खानी खन्ने कामको सुरुवात गरेर आग्रीहरू बस्ने कटेरा बनाउन जानुपर्दथ्यो । खानी खन्न आवश्यक औजारहरू घन, टाँगा भाङ/काप्रा जम्मा गर्नुपर्दथ्यो । खानी खन्न प्रयोग हुने सम्पूर्ण औजारहरूको पूजा गरी बलि दिई शुद्ध शान्ति गर्ने गरिन्थ्यो । चण्डीपूजा गर्नुपर्थ्यो (खानी खन्न प्रयोग हुने मूल टाँगालाई पूजा गर्ने चलनलाई चण्डीपूजा भनिन्छ) । निचुगे (नीति चुकेको पूर्णे) पूर्णिमा वैशाख पूर्णिमा यस पूर्णेदेखि खानी खन्न बन्द गर्ने, खेतीपाती लगाउन खनजोत आदि कार्य गर्ने समयको सूचकको व्यवस्था गर्ने गरिन्थ्यो । खानी पत्ता लगाउने र खानी खन्न सुरुवात गर्ने खानी इन्जिनियरलाइ खनेल भन्निथ्यो । खानी बन्द भएदेखि पुनः खानी खन्न सुरु हुने समयसम्म खानीको मुखमा आग्लो लाएर बन्द गर्ने भएकाले अगाले खानी भनेको हो । खानी खन्न बन्द भएदेखि पुनः खानी खन्न सुरु हुने अवधि खानीको सुरक्षा दिने काम आग्ले खानी टोलीले जिम्मा लिन्थे (श्रीस, २०७४, पृ. ९६–९७) । आइमाईहरूले खानीभित्र उज्यालो बनाउन बाल्ने निगालाको भाङ तयार गर्नु पर्दथ्यो। आरने कामीहरूले आरन ठिकठाक पारी खानी खन्ने औजार बनाउने तथा मर्मत गर्नुपर्दथ्यो। खनेलहरूले र खानी पत्ता लगाउने तथा खानी खन्न सुरुवात गर्नुपर्दथ्यो। आआफ्नो जिम्मेवारीअनुसार खानी खन्ने मगरले खानी खन्ने माटो फाल्ने डोको नाम्लो तयार गर्ने धाउ जम्मा गर्ने खानीबाट धाउ जम्मा गरी धाउ पखाल्ने भेट्टीसम्म ढुवानी गर्ने, धाउ पखाल्ने सम्पूर्ण कामको व्यवस्थापन जिम्मेवारी तथा रखबारी गर्ने, तिरो बुझाउन जाने धाउ चोरी हुने भएकाले मुख्य चुहावट हुने ठाउँहरूमा चेकजाँचको व्यवस्था गर्नु पर्थ्यो (श्रीस, २०७४, पृ. ९६–९७)। आग्ले खानी नाइकेबाट खानी मुखियालाई जिम्मा दिने गरिन्थ्यो। मुखियाले खानी खन्ने बेलामा खानीको ढोकामा पूजा गर्ने गर्दथे । खानीको केही दूरीमा तल हटियाबाट आएका नेवार्नी चाहारेका थकाल्नीहरूले भट्टी थाप्ने गर्दथे। प्रशस्त मासु, जाँड रक्सी, घुमाने रोटी र अन्य खानेकुरा बनाएर बिक्री गर्ने गर्दथे। खानेकुरा खाएबापत भट्टीवाल्नीलाई आफूले पाएको ज्यालाबाट तामाधाउ दिने गर्दथे। धाउ पैसा आदि चोरी हुने गर्दथ्यो (श्रीस, २०७४, पृ. ९६–९७)।

## *नेपालमा खानी खन्ने पेसा र मगर जातिको अन्तरसम्बन्ध*

खानी खन्ने र त्यसबाट निस्किएका कच्चा पदार्थ गलाउने काम मगर, गुरुङ, घर्ती र कामी आदि जातलाई लगाइन्थ्यो । त्यसरी खानीसम्बन्धी काम गर्ने समुदाय र व्यक्तिहरूलाई आगरी भन्ने प्रचलन थियो। आगरीहरूलाई सरकारद्वारा नियन्त्रित खानीहरूमा राखिएको हुन्थ्यो । आगरीहरूले खानीमा काम गरेबापत आधा वस्तु आफूले राख्ने र आधा सरकारलाई बुझाउनु पर्दथ्यो। राणाकालमा आगरीहरूले बुझाउनुपर्ने धातुको परिमाण तोकिन्थ्यो । खानीमा काम गर्नेबाहेक खानीको छेउछाउमा बस्ने मानिसहरूले समेत सरकारलाई कर बुझाउनु पर्दथ्यो । सरकारले खानी सञ्चालन गर्ने काम ठेक्कामा पनि दिने गर्दथ्यो । त्यसरी खानी ठेक्कामा दिने कामलाई इजरा भनिन्थ्यो। ठेक्कामा दिन नसकिने ठाउँहरूमा मात्र अमानत नियुक्ति गरेर सरकारले सञ्चालन गर्दथ्यो । सरकारले पश्चिम नेपालको बागलुङ, बेनी र तानसेनमा खानी खन्नका निमित्त छुट्टै डिपो खोलेको थियो (उपाध्याय, २०६९, पृ. १५८)।

खानीमा काम गर्ने मगरहरूलाई आग्री अर्थात् खानीको विशेषज्ञ भनिन्थ्यो । मगरहरूले खानी उत्खननको पेसा कहिलेदेखि अपनाए भन्ने प्रष्ट नभए तापनि उनीहरूले ११ औँ शताब्दीदेखि खानी खन्न सुरु गरेको प्रमाण प्राप्त भएको छ। खानी खन्ने पेसा सन् १९३७ सम्म जारी रहेको पाइन्छ।

खानी खन्दा मगरहरूले जमिनभित्र डेढ किलो मिटरसम्म लामो सुरुङबाट धाउ निकाल्ने गर्दथे। तत्कालीन अवस्थामा वैज्ञानिक उपकरण नभएले त्यसरी जमिनभित्रको लामो सुरुङबाट धाउ निकाल्नुले उनीहरू खानी उत्खनन पेसामा पारङ्गत रहेको पुष्टि हुन्छ। मगरहरूको ठुलो समूह खानी व्यवसायमा लागेका थिए। उनीहरू पहाडी खास गरी महाभारत पर्वत शृङ्खलामा खानी खन्ने काम गर्थे। महाभारत पर्वत शृङ्खलामा खानीहरू प्रशस्त मात्रामा पाइन्थे। खानीको आसपास बसोबास गर्ने मगरहरू सो क्षेत्रमा स्थायी रूपले बसोबास गर्दैनथे। एउटा खानी भएको स्थलमा खानीबाट धाउ निकाल्ने काम सकिएपछि मगरहरू अर्को खानी रहेको स्थानमा सर्दथे। उनीहरूले खानीबाट राम्रो आम्दानीसमेत गर्दथे (शिवाकोटी, २०७५, पृ. १४४–१४५)।

## *बागलुङका श्रीस, पुन तथा घर्ती मगरहरू र खानीको इतिहास*

बागलुङ जिल्ला गण्डकी प्रदेशअन्तर्गत धवलागिरी क्षेत्रको दक्षिण भागमा अवस्थित रहेको एक जिल्ला हो (पोखरेल, त्रीपाठी र अन्य, २०७५, पृ. ८९९)। वर्तमान बागलुङ क्षेत्रमा सुरुमा मगर जातिको बासस्थान भएकाले त्यस ठाउँको नामकरण पनि मगर जातिले गरेको अनुमान गरिएको छ। मगर भाषामा 'वाङ' को अर्थ पहरा र 'लुङ' को अर्थ ढुङ्गा हुन्छ। चट्टान वा ढुङ्गाको पहरामाथिको चौरमा भएकाले मगर जातिले बागलुङ नामकरण गरेको अनुमान गर्ने गरिन्छ (शर्मा, २०५१, पृ. ४ )।

कर्कपेट्रिकले उनको पुस्तकमा बागलुङको तत्कालीन गलकोट राज्यमा तामाखानी रहेको उल्लेख गरेका छन्। त्यस्तै हेमिल्टनले उनको पुस्तकमा तत्कालीन गलकोट राज्य सानो भए तापनि अत्यधिक उत्पादनशील तीन ओटा तामाखानी र एउटा फलामखानी रहेको उल्लेख गरेको पाइन्छ। त्यस्तै सरदार भीमबहादुर पाँडेले उनको पुस्तक त्यस बखतको नेपालमा गलकोट क्षेत्रमा वि. सं. १९७७ सम्म खानी सञ्चालनमा रहेको उल्लेख गरेका छन्। गलकोट नगरपालिका क्षेत्रभित्र तामा, फलाम, स्लेट ढुङ्गा तथा सिसाखानी गरी कुल सत्र ओटा खानी रहेका छन् (नगर वस्तुस्थिति विवरण, गलकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बागलुङ, पृ. ८–९)।

खानी खन्नयोग्य स्थानको खोजी गर्दै बसाइँ सर्ने क्रममा परम्परागत रूपमा तामाको खानी खन्ने ज्ञान र सिप भएका मगरहरूले करिब २०० वर्ष अगाडि बागलुङ गलकोट चौराहालगायत अन्य खानी गाउँहरूमा करिब २०० वर्ष अगाडि बस्ती बसालेका थिए। चौराहा गाउँका खनेल मगरहरूका पुर्खाहरूको मुख्य पेसा खानी खन्ने भए पनि त्यस ठाउँमा स्थानीय रूपमा बसोबास गर्न थालेपछि खोरिया खन्ने र खेतबारी बनाएर कृषि पेसासमेत अपनाउन थाले (बुढाथोकी (श्रीस), २०७२, पृ. ३–६)।

बागलुङ र गुल्मी जिल्लामा बसोबास गर्ने खनेल मगरहरूको परम्परागत पेसा खानी व्यवसाय रहेको देखिन्छ। उनीहरूलाई खानी खन्नका लागि विभिन्न स्थानहरूमा समेत लागिन्थ्यो (शिवाकोटी, २०७५, पृ. १४५)। खनेल मगरहरूमा विशेषतः बागलुङ तथा गुल्मी जिल्लामा बाक्लो बसोबास रहेका साइँ, खाइँ, दगाइँ र भलाइँ श्रीस, पुन र घर्ती थरका मगरहरूलाई जनाउँदछ। कुनैकुनै लेखकहरूले बागलुङ र गुल्मी जिल्लामा बसोबास गर्ने खानी खन्ने खनेल मगरहरूलाई आगरी मगर भनी उल्लेख गरेको समेत पाइन्छ। तथापि खनेल मगरअन्तर्गतका साइँ, खाइँ, दगाइँ र भलाइँ, श्रीस, पुन र घर्ती मगरहरूले उनीहरूलाई 'आगरी' भनेको रुचाउँदैनन्। पदम श्रीसका अनुसार खानी खन्नमा विज्ञता हासिल गरिनसक्दै खनेल मगरहरू साइँ, खाइँ, दगाइँ र भलाइँ श्रीस पुन र घर्तीहरूले खानीबाट निकालेको धातु पगाल्ने, भट्टी बनाउने, आफर लाउने आदि काम गर्ने भएकाले तत्कालीन समाजले खानी खन्ने पेसा अपनाएका साइँ, खाइँ, दगाइँ र भलाइँ श्रीस, पुन र घर्ती मगरहरूलाई आगरी वा आग्री (आउरी) भन्ने गर्थे भन्ने उल्लेख गरेका छन् (श्रीस, २०७७, पृ. २३२)। तथापि बागलुङ र गुल्मी जिल्लाका खनेल मगरहरू साइँ, खाइँ, दगाइँ र भलाइँ श्रीस, पुन र घर्तीहरूको परम्परागत खानी खन्ने पेसाको अध्ययन तत्कालीन अवस्थामा खनेल मगरहरूले खानी खन्दा आफ्नो सिप र अवस्थाअनुसार खानी खन्ने क्रममा माटो सुघ्ने, सुरुङ खन्ने, धाउ निकाल्ने, धाउ पगाल्ने, भट्टी

बनाउने, धाउ पगाल्ने आदि सबै कामहरू गर्नुपर्दथ्यो । खानी खन्नेदेखि प्रशोधन गरी बेचबिखन गर्ने प्रक्रियामा खनेल मगरसमेत अन्य थरका मगर र दलितलगायत अन्य समुदायका मानिसहरू समेत संलग्न हुने गर्दथे ।

शाह र राणाकालमा बागलुङको प्रशासनिक विकास उत्तरोत्तर हुँदै गयो । राजा राजेन्द्रको समयमा बागलुङ र म्याग्दी भेगका बाइसखानी बेनी वामीटक्सारको रेखदेख गर्न बागलुङ चौरमा गोरखरेली पैसा टक्सारको तहबिल निर्माण गरिएको थियो (शर्मा, २०५१, पृ. ३६) । राणाकालसम्म बागलुङमा बाइस खानी रहेका थिए (शर्मा, २०५१, पृ. ८९)।

## *गुल्मीका श्रीस, पुन तथा घर्ती मगरहरू र खानीको इतिहास*

नेपालको लुम्बिनी प्रदेशको पहाडी भेगमा रहेको एक जिल्ला गुल्मी जिल्ला हो (पोखरेल, त्रिपाठी र अन्य, २०७५, पृ. ८९९) । तत्कालीन चौबिसी राज्यअन्तर्गत रहेको गुल्मी राज्यको पूर्वमा तत्कालीन गरहुँ, पैयुँ राज्य र पश्चिममा धुर्कोट राज्य, उत्तरमा पर्वत राज्य र गलकोट राज्य तथा दक्षिणमा अर्घाखाँची राज्य पर्दथे (शर्मा, २०७१, पृ. १८१) । गुल्मीको चारपाला क्षेत्रलाई पहिले गुल्मीकोट वा गुल्मी भनिन्थ्यो यसैका नामबाट राज्यको नाम पनि गुल्मी भएको अनुमान गर्ने गरिन्छ। नेपाल प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशित शब्दकोशमा गुल्म वा गुल्मीका धेरै अर्थ हुने बताइएकोमा गाँजिने झारपात जस्तै धान, गहुँ, जौ, घाँसलाई र वायुगोला हुने रोगलाई आयुर्वेदमा गुल्म या गुल्मी भनिन्छ । त्यसरी गुल्मी क्षेत्रमा वायुगोला बढ्ने हावापानी पाइने हुनाले उक्त स्थानलाई गुल्मी भनिएको अनुमान गर्ने गरिन्छ (शर्मा, २०७१, पृ. १८१– १८२) ।

गुल्मीको अर्कुल राज्यलाई गुल्मी चारपाला राज्यले हस्तक्षेप गरेपछि अन्तिम समयसम्म प्रशासनिक अधिकार खनेल मगरमध्येका खाइँ श्रीस (बुढाथोकी ) मगरको हातमा रहेको देखिन्छ। नेपाल एकीकरणको क्रममा राज्य रजौटाहरूको अस्तित्व समाप्त भए पनि स्थानीय प्रशासन सञ्चालन गर्ने राजनीतिक अधिकार भने खनेल मगरहरूमा रहेको पाइन्छ। वि. स. २०३८ सालसम्म खनेल मगरहरूले गुल्मी बागलुङलगायतका जिल्लाका विभिन्न गाँउहरूका स्थानीय बस्तीहरूमा स्थानीय प्रशासकका रूपमा मुख्यौली चलाउँदै आएको देखिन्छ (श्रीसहरू, २०६८, पृ. १२७) ।

चौबिसी राज्यअन्तर्गतको गुल्मी राज्यमा जङ्गल धेरै भएकाले खनेल मगरहरू खानी खनेर निस्केको धातुबाट भाँडाकुँडा र हातहतियार बनाउँदथे । राज्यले खनेलहरूबाट कर उठाँउदथ्यो । ठाँउ सरीसरी खानी खनेर धातु बनाउने हुँदा जङ्गल मासिएर जान्थे । तात्कालीन समयमा बाइस खानी क्षेत्र भनेर प्रख्यात गुल्मी राज्यमा प्रथम स्थान तामाले ओगटेको थियो, त्यसपछि फलाम र धाइथुम खानी थिए भने तम्घासमा सोभिताखानी सञ्चालनमा थिए (शर्मा, २०७१, पृ. १९७–१९८) ।

गुल्मी जिल्लाअन्तर्गत पर्ने तत्कालीन अर्कुलकोट भार्से तामाखानीको ठुलो सम्भावना भएको क्षेत्र हो । नेपालमा खानी खन्ने समयताका पश्चिमाञ्चल क्षेत्रमा बाइस खानी र सोह्रखानीका नामले जानिन्थ्यो । रुकुमखानी क्षेत्र बाइसक्षेत्रअन्तर्गत पर्छ भने भार्से क्षेत्र सोह्रखानीअन्तर्गत पर्दछ । त्यस बेलाको यी बाइस तथा सोह्रखानी नेपाल सरकारका लागि धेरै महत्त्वपूर्ण प्राकृतिक स्रोत मानिन्थ्यो। यिनै तामाखानीबाट राज्यलाई तिरोबापत निश्चित परिमाण बुझाउनुपर्थ्यो। तिनताका सरकारले तामा टक्सारमा सिक्का पैसा काट्ने कामका लागि प्रयोग गर्दथ्यो । हाल ती पैसा काटिने ठाउँ टक्सारको नामले चिनिन्छ (श्रीस, २०७४, पृ. ९६) ।

खानीको क्षेत्र भनिए तापनि गुल्मीमा चाहारे डाँडा पारी खानी भार्से (फलामखानी), धाइथुमखानी, तम्घास (शोभिता–खानी), डडल्काखानी, डडल्का गाउँ (फलामखानी), लम्कराखानी, फोक्सिङगाउँ (तामाखानी), जयखानी, जय गाउँ, खड्ककोट (तामाखानी), जमादीखानी जमादीगाउँ (तामाखानी), इश्मा गाउँ (तामाखानी), खड्गकोट लुङखानी, खड्ग गाउँ (तामाखानी), मुरुखानी, इश्मा मर्भुङ गाउँ (तामाखानी) र धुर्कोट खानी, धुर्कोट वास्तु गाउँ (फलामखानी) आदि गरेर दशोटा खानीहरू रहेका देखिन्छन् (शर्मा, २०७१, पृ. १९७) ।

सोह्र खानीअन्तर्गत भार्सेका आगरी मुखियाहरूको खानीहरू सञ्चालन भएका थिए । खानी खन्ने इजाजत

पाएबापत यहाँका मुखियाहरूले बागलुङमा तिरोको रूपमा तामा बुझाउन जानुपर्थ्यो। खानी खन्ने कार्य बन्द भएपछि केही वर्षसम्म पनि तिरोको रूपमा तामा नै बुझाउने चलन थियो। तर खानी बन्द भएको र तामा पनि सकिएकाले बुझाउन नसक्ने स्थिति भएपछि श्री ३ सरकारमा बिन्ती जाहेर भएपछि तामाको सत्ता पैसा तिर्नुपर्ने भयो। यो चलन पनि प्रजातन्त्र स्थापनापछि पञ्चायत व्यवस्थाको पालासम्म थियो। पञ्चायती व्यवस्थाको मध्यकालतिरबाट तामाको सट्टा पैसा तिर्ने दस्तुर पनि खारेज भयो। खानी खन्ने समयताकाको कारोबारका केही लिखित कागजपत्रहरू केही मुखियाहरूसँग अझैसम्म रहेको पाइन्छ (श्रीस, २०७४, पृ. ९६)।

गुल्मी जिल्लालाई बाइसखानीको क्षेत्र पनि भनिन्छ। बाइसखानीको क्षेत्रले गुल्मी राज्य मात्र नभएर त्यस वरपरको खानीहरूलाई समेत समेट्दछ। बाइस खानीमध्ये खड्गकोटको लुङखानीमा तामा खानी रहेको थियो। त्यस्तै टेलाकोट र बाघ मारेमा रहेको तामा खानीबाट उत्पादित तामाबाट तामाका भाँडा निर्माण गरिन्थ्यो। त्यस्तै बाइस खानीअन्तर्गतका जय खानी, फोक्सिङ खानी आदि ऐतिहासिक तामा खानी थिए। बाइस खानी क्षेत्रको बिचमा खडककोट पर्ने भएकाले दैनिक उपभोग्य खनिज उत्पादन गर्ने मामिलामा आत्मनिर्भर थियो। तत्कालीन खानी खन्ने, खानीको ठेक्का लिने मगरलाई आउरी (आग्री) भनिन्थ्यो। त्यस्तै तात्कालीन गुल्मी जिल्लामा पर्ने (हाल बागलुङ) हुग्दिशिर र धुवाँकोटमा फलामखानी सञ्चालनमा रहेका थिए। खानीबाट झिकिएका धातुहरू खानी मुखिया हुँदै सरकारको सम्बन्धित निकायबाट बिक्री हुन्थे (खडककोट स्मारिका, २०६४, पृ. १४)।

तत्कालीन समयमा सञ्चालनमा रहेका धवलागिरीका बाइस ओटा र गुल्मीका बाइस ओटा गरी चवालिस खानीका मुखिया लप्टन गङ्गा प्रसाद खाइँ श्रीस (बुढाथोकी) थिए भने खानीको सुवाङ्गी (सुब्बा) म्याग्दी राखी पुलाका रामपति उपाध्याय रहेका थिए। गुल्मी खानी गाउँहरूका खनेल मगरहरू (साइँ, खाइँ, दगाइँ र भलाइँ श्रीस पुन तथा घर्तीमगर) बागलुङको गलकोटको सामेकोट र दगामकोटबाट खानी खन्ने क्रममा गुल्मीको खड्गकोटको लुङखानी आदिको खानी गाउँहरूमा आएर बसेको देखिन्छ (खडककोट स्मारिका, २०६४, पृ. १४)। गुल्मी भार्सेका मगरहरू खानी विशेषज्ञ नै थिए। तिनीहरूले माटो चाखेर वा सुँघेर के खानी छ भनेर भन्न सक्तथे। भार्सेका खानी विशेषज्ञ मगरहरूलाई नयाँ खानी पत्ता लगाएर धातुको धाउ झिक्न लगाउन परेमा झिकाइन्थ्यो (शर्मा, २०७१, पृ. १९७)।

## *बागलुङ र गुल्मी जिल्लाका मगरहरूको खानी खन्ने पेसाको अन्त्य*

मगरहरू खानी खन्ने पेसातर्फ कहिलेदेखि आबद्ध भए भन्ने निश्चित ऐतिहासिक काल एकिन नभए तापनि मगरहरूले ११ औँ शताब्दीतिर खानी खन्न थालेको र वि.सं. १९९५ सालसम्म खानी सञ्चालनमा रहेको देखिन्छ (श्रीस, २०७१, पृ. ४८)। वि. सं. १९६६ सालमा श्री ३ चन्द्र शमशेरले नेपालमा सञ्चालित खानीहरू पूर्ण रूपमा बन्द गर्ने वातावरण सृजित गरेपछि बागलुङ र गुल्मीका खानीहरू पनि क्रमशः बन्द हुन थालेको देखिन्छ। पहिले खानी खन्नेहरूलाई सय कडा ६% कर तिर्नुपर्ने नियम रहेकोमा चन्द्र शमशेरको पालामा उक्त कर बढेर ५०% पुगेपछि खानी खन्ने र खनाउनेलाई घाटा हुने अवस्था आएपछि खानी खन्न......... (खडककोट स्मारिका, २०६४,पृ.१४)।

खानी खन्ने मगरहरूको सङ्ख्यामा वृद्धि हुन थालेपछि खनिज पदार्थको अभाव हुन थाल्यो। त्यसपछि खानी खन्ने पेसामा संलग्न मगरहरूलाई उक्त व्यवसायबाट गुजारा चलाउन गाह्रो हुन थाल्यो। त्यसले गर्दा खानीमा काम गर्ने मगरहरू खानी खन्ने पेसा त्याग्न बाध्य भए। खानी खन्ने पेसा त्यागे पनि तत्कालीन राणा सरकारलाई बुझाउनुपर्ने करबाट भने उनीहरू मुक्त हुन सकेनन्। खानी खन्ने व्यवसाय त्यागेपछि पनि धेरै वर्षसम्म बागलुङ र गुल्मीका खानी खन्ने मगरहरूले सरकारलाई प्रति परिवार तीन धार्नी तामा बुझाइरहनु पर्दथ्यो। त्यसरी तत्कालीन राणा सरकारलाई कर बुझाउनुपर्दा खानी खन्ने मगरहरूले चरम गरिबी झेल्नु परेपछि मुग्लान पस्न थाले (श्रीस, २०७१, पृ. ४९)।

गुल्मी र बागलुङका बाइस खानीका लेप्टेन स्वर्गीय

गङ्गाप्रसाद खाइँ श्रीस (बुढाथोकी) ले प्रधानमन्त्री चन्द्र शमशेरलाई भेटेर समस्या जाहेर गरेपछि खानी घरको तिरोका रूपमा खाना तामा बुझाउने बाध्यता हट्नुका साथै खानी क्षेत्रको जग्गा जमिन बिक्रीवितरण गर्न मिल्ने भयो । तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेरले वि. सं. १९९५ मा खानीवापत वार्षिक कर तीन धार्नी तामाको सट्टा प्रति परिवार रु. १५० कर तिरे पुग्ने स्वीकृति दिएपछि रु. १५० कर तिर्ने नियम वि.सं. २०१४ सालसम्म कायम रहेको देखिन्छ (श्रीस, २०७१, पृ. ५०)।

## *निष्कर्ष*

खानी गाउँले मगरहरूमा श्रीस, पुन र घर्ती (साइँ, खाइँ, हजाइँ), थापा, राना, बुढाथोकी, भुजेल, छन्त्याल, चितौडे राना, दर्लामी थापा आदि पर्दछन् । खानी खन्ने मगरहरूलाई आगरी मगर वा खनेल मगर पनि भन्ने गरेको पाइन्छ। तयारी खानी खन्ने मगरहरू आफूलाई आगरी भन्न रुचाउँदैनन्। किनकि तत्कालीन अवस्थामा आगरी शब्दले सामाजिक संरचनाअनुसार तल्लो श्रेणीको समुदाय भन्ने जनाउँदथ्यो । बागलुङ र गुल्मी जिल्लाका ग्रामीण क्षेत्रहरूमा खानी खन्ने मगरहरूमध्ये श्रीस, पुन र घर्ती (साइँ, खाइँ, दगाइँ, भलाइँ) को बाक्लो बसोबास रहेको पाइन्छ। नेपालमा प्राचीन कालदेखि नै खानी खन्ने परम्परा सुरुवात भए पनि मगरहरूले कहिलेदेखि खानी खन्न थालेका थिए भन्ने बारेमा यकिन भएको छैन। बागलुङ र गुल्मीका श्रीस, पुन, घर्ती मगरहरूले माटो सुँघेर कुन स्थान खानी छ वा छैन भनी पत्ता लगाउँदथे। खानी रहेको स्थान पत्ता लगाएपछि सुरुमा औजारहरूलाई पूजा गरी प्रक्रियाअनुसार खानी खनी उत्खनन् भएका धातुहरूलाई प्रशोधन गरिन्थ्यो र तालुक निकायमा तिरो/कर बुझाउने र बजारीकरणसमेत गरिन्थ्यो। समय क्रममा बागलुङ र गुल्मीको खानी खन्ने नजरहरूको सङ्ख्या वृद्धि भएसँगै खनिज पदार्थको अभाव हुन थालेर उक्त व्यवसायबाट गुजारा हुन नसक्ने अवस्था भएकाले खानी र सरकारलाई प्रतिपरिवार तिरोस्वरूप बुझाउने तामाको अवधारणा श्रीस, पुन र घर्ती थरका मगरहरूमा चरम गरिबी बढ्न थालेपछि तिमीहरू रोजीरोटिका लागि मुग्लान बस्न बाध्य भए । त्यसरी वि.सं. १९९५ तिर बागलुङ र गुल्मी जिल्लामा रहेका श्रीस, पुन र घर्ती (साइँ, खाइँ, दगाइँ, भलाइँ) का स्वामित्वमा रहेका खानीहरू पूर्णतः बन्द हुन पुगे। यससँगै बागलुङ र गुल्मीका श्रीस, पुन तथा घर्तीमगरहरूमाझ खानीगाउँले र कृषक मगरहरूको विभाजन इतिहासको विषय बन्न पुगेको छ। फलस्वरूप खानी उत्खनन्सम्बन्धी परम्परागत सिप लोप हुन पुगेको छ । यसैले समय छँदै यो सिपलाई बचाउन यथासम्भव प्रयास गर्न आवश्यक देखिन्छ।

## *सन्दर्भ सामग्रीसूची*


अधिकारी, हेमाङ्गराज, भट्टराई, बद्रीविशाल (२०७४). *प्रयोगात्मक नेपालीशब्दकोश.* विद्यार्थी प्रकाशनप्रा. लि.।

उपाध्याय, श्रीरामप्रसाद (२०६९). *नेपालको सामाजिकआर्थिक तथाप्रशासनिकइतिहास.* रत्न पुस्तक भण्डार.

गलकोट नगरपालिका (२०७४). *नगर वस्तुस्थिती विवरण.* नगर कार्यपालिकाको कार्यालय, बागलुङ।

ढकाल, नारायण, ढकाल, दिपक र अन्य (२०६४). *खड्गकोट स्मारिका.* स्मारिका प्रकाशन समिति।

श्रीस,तुलबहादुर, श्रीस, मीन र अन्य (२०६८). *श्रीस मगर वंशावली.* (तेस्रो संस्करण). जमारी भार्सेलीश्रीस परिवार।

पाँडे, भीमबहादुर (२०६१). *त्यस बखतको नेपालः राणाकालीन आखिरी तीनदशक.* (पहिलो भाग). भीमबहादुर पाँडे।

पुन मगर, टि. बी. (२०६७), *हामी मगर.* दुर्गा बुढा मगर।

पोखरेल, बालकृष्ण, त्रिपाठी, बासुदेव र अन्य (२०७५). *नेपाली वृहदशब्दकोश.* (सम्पा.). नेपाल प्रज्ञा प्रतिष्ठान।

बुढाथोकी (श्रीस), चित्रबहादुर (२०७२–७३). 'शैक्षिक र पेशागतउपलब्धिः एक संस्मरण.गेमी ल रोश'. *हाम्रो राम्रो संस्कृति.* नेपाल मगर विद्यार्थी संङ्घ त्रिभुवनविश्वविद्यालय समिति।

बुढाथोकी, हेमन्त (२०८१). 'मगर जातिको विवाह संस्कार'. (सम्पा. कौशिला रिसाल र अन्य). *समाज अन्वेषण.* २(४) कार्तिक –चैत). नेपाल प्रज्ञा प्रतिष्ठान।

विष्ट, डोर बहादुर (२०६४). *सबै जातको फूलवारी.* साझा प्रकाशन।

शर्मा, गोपिनाथ (२०७१). *चौबीसी राज्यको इतिहास.* (शिक्षा, कला र संस्कृति). .मकालु प्रकाशन गृह।

शर्मा, विष्णु प्रसाद (२०५१). *बागलुङको ऐतिहासिक रुपरेखा.* धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान।
शिवाकोटी, गोपाल (२०७५). *मगर जाति.* पैरवीप्रकाशन।
श्रीस मगर, बोमबहादुर (२०६४). 'सोह्र खानी र भार्सेली मगर'. *हाम्रो भार्से.* २(२)।
श्रीस, धर्म प्रसाद (२०७१). *मगराती संस्कृती.* मगर प्राज्ञिक समूह।
श्रीस,बोम बहादुर (२०६५). *बसाइँसराइ गरी विभिन्न स्थानमा बसोबास गरेका भार्सेली मगरमा विभिन्न थर र गोत्रअन्तर्गतका परिवारहरूको संक्षिप्तविवरण.* भार्सेली मगर सेवा समाज, काठमाडौं।
Bist, D. B. (1967), *People of Nepal.* Department of Publicity, Ministry of Information and Broadcasting, His Majesty's Govt. of Nepal.
Wright, W. (1877). *History of Nepal.* University Press, Cambridge Warehouse